## मिति २०८० चैत्र २८ गतेको २८ औं कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं.१)** अघिल्लो कार्यपालिका बैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

**निर्णय नं.२)** यस आ. व मा यो महिना सम्म सञ्चालन भएका योजनाहरुको नगर उप प्रमुख लगायतको अनुगमन समितिले अनुगमन गरि पेश गरेको प्रतिवेदन पारित गरियो ।

**निर्णय नं.३)** विभिन्न चरणमा छलफल भई कार्यपालिकामा पेश भएका माडी नगरपालिकाको वित्तिय साक्षरता रणनीति, २०८० पारित गरियो ।

**निर्णय नं.४)** वडा नं. ५ को सिफारिस बमोजिम गणेसमान स्मृती पार्क निर्माणको लागि पूर्व तिलक स्मारक पार्क, पश्चिम धनेश खोला, उत्तर झलकराम बराल, डण्डपाणी चापागाई, मित्रलाल वि क नन्ददेवी वि क र दक्षिण सोमेश्वर सामुदायीक वन यति चार किल्ला भित्रको वडा नं ५ ढिकुरबारी, श्रमजिवी टोल विकास संस्था भित्र पर्ने अन्दाजी ३ विगाहा जग्गामा पार्क निर्माणको सहमति तथा सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.५)** आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम तयार गर्न तथा बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने र कार्यदलले अध्ययन प्रतिवेदन अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) | प्रमुख प्रशासकीय अधिकृत श्री शेषकान्त पौडेल | संयोजक |
| ख) | वडाध्यक्ष श्री दिपेन्द्रराज पौडेल | सदस्य |
| ग) | वडाध्यक्ष श्री माधव प्रसाद चापागाँई | सदस्य |
| घ) | वडाध्यक्ष श्री गणेश प्रसाद विश्वकर्मा | सदस्य |
| ङ) | वडाध्यक्ष श्री अमित कुमार लामा | सदस्य |
| च) | कार्यपालिका सदस्य श्री कमल बहादुर भुजेल | सदस्य |
| छ) | कार्यपालिका सदस्य श्री लक्ष्मी देवी भण्डारी क्षेत्री | सदस्य |
| ज) | सूचना प्रविधि अधिकृत श्री प्रविण भण्डारी | सदस्य |
| झ) | योजना अधिकृत श्री शिव प्रसाद सुवेदी | सचिव |

निर्णय नं. ६) महालेखा परिक्षकको कार्यालयवाट आ. व. २०७९।०८० को अन्तिम लेखापरीक्षणमा करारका कर्मचारीहरुलाई विगतका वर्षहरुदेखि नै प्रदान गर्दै आएको प्रोत्साहन भत्तालाई असुल उपर गर्नुपर्ने भनी प्रारम्भिक प्रतिवेदनमा बेरुजु औंल्याएको हुँदा कर्मचारीको मनोवल उच्च राख्न तथा विहान बेलुकी समेत काममा लगाउने प्रयोजनका लागि विगतका वर्षहरुदेखि लगातार नगरसभा तथा कायपालिका समेत वाट निर्णय गरी प्रदान गरेको प्रोत्साहन भत्ता अवका दिनमा तहाँको सुझावलाई कार्यान्वयन गर्ने प्रतिवद्धता सहित गत वर्षको उक्त बेरुजुलाई संपरीक्षण गरिदिनुहुन अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ७) नगरपालिकाको आन्तरिक श्रोतवाट बघौडा अस्पतालमा कार्यरत फार्मेसी सहायक श्री शुष्मा मोक्तानले पदवाट राजिनामा दिएकोले बघौडा अस्पतालको मिति २०८०।१२।१९ को पत्रानुसार फार्मेसी सहायक पदमा नगरपालिकाको आन्तरिक श्रोतवाट तलव खुवाउने गरी विज्ञापन गर्ने निर्णय गरियो ।

तारा कुमारी काली महतो
नगर प्रमुख

निर्णय प्रमाणित
२०८०।१२।२८

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner